# एट्रियल फिब्रिलेशन

## Atrial Fibrillation

Atrial fibrillation is also called A-fib or atrial fib. This is an abnormal heart rhythm.

The heart's rhythm is controlled by electrical signals in the heart. The **sinus node** sends electrical signals to the rest of the heart. These signals cause the heart to contract and pump blood. Normally, the heart contracts and relaxes at a regular rate. With atrial fib, the sinus node does not start the electrical signal. Signals come from other spots in the right or left atrium. This causes the heart to beat irregularly and at times very fast.

एट्रियल फिब्रिलेशनलाई  ए-फिब अथवा एट्रियल फिब पनि भनिन्छ। यसको अर्थ मुटुको असामान्य गति हो।

मुटुको गतिलाई मुटुमा इलेक्ट्रिकल सङ्केतहरूद्वारा नियन्त्रित गरिन्छ। **साइनस नोड**-ले मुटुको बाँकी सबै भागमा इलेक्ट्रिकल सङ्केतहरू पठाउँछ। यी सङ्केतहरूले मुटुलाई खुम्च्याउँछ र मुटुले रगत पम्प गर्दछ। सामान्यतः मुटु नियमित गतिले खुम्चिन्छ र फूक्छ। एट्रियल फिब भएको स्थितिमा साइनस नोडले इलेक्ट्रिकल सङ्केत छोड्दैन। सङ्केतहरू दाहिने वा देब्रे एट्रियममा अन्य स्थलहरूबाट निस्कन्छन्। यसको कारणले मुटु नियमित रूपमा र कहिलेकाहिँ अत्यन्त तीव्र गतिमा धडकन्छ।



## Signs of Atrial Fib

- Irregular heart beat
- The feeling of rapid thumping inside the chest called heart palpitations
- Shortness of breath
- Tire easily with activity
- Feel faint, dizzy or lightheaded

## एट्रियल फिबका लक्षणहरू

- मुटुको अनियमित धडकन
- छातिमा तेजीले ढुकढुक भएको अनुभव जसलाई मुटुमा ढुकढुकी भनिन्छ
- सास फेर्न गाह्रो हुनु
- केही काम गर्दा सजिलै थाक्नु
- बेहोशी महसूस गर्नु, अस्थिर हुनु वा रिङ्गटा चल्नु

## Your Care

Your doctor will check your pulse and listen with a stethoscope for an irregular heart beat. Your doctor may order tests such as:

- An electrocardiogram (ECG or EKG) - a record of your heart's electrical activity
- Holter monitoring - a record of your heart rate for 24 to 48 hours
- Other tests to check for heart disease

**Your treatment may include:**

- Medicine to help regulate your heart rhythm and rate. You may also need to take a blood thinner called an anticoagulant to reduce the risk of blood clots and stroke.
- A cardioversion if medicine does not help. This is a low energy electrical shock applied through the skin to the heart to convert an abnormal heart rhythm to a normal rhythm. Sedation medicine is given before this is done.

## तपाईँको हेरचाह

तपाईँका डक्टरले तपाईँको नाडी जाँच्नेछन् र मुटुको असामान्य धडकन स्टेथोस्कोपले सुन्नेछन्। तपाईँका डक्टरले निम्न प्रकारका परीक्षणहरूका लागि आदेश दिन सक्छन्:

- इलेक्ट्रोकार्डियोग्राम (ई.सी.जी. वा ई.के.जी) - तपाईँको मुटुको इलेक्ट्रिकल गतिविधिको रेकर्ड
- होल्टर निरीक्षण- 24 देखि 48 घण्टाको लागि तपाईँको मुटुको गतिको रेकर्ड
- मुटुको रोगको जाँचका लागि अन्य परीक्षणहरू

**तपाईँको उपचारमा निम्न कुराहरू सामेल हुनेछन्:**

- तपाईँको मुटुको गति र दरलाई नियमित गर्नमा मद्दतका लागि औषधी। रगत जम्ने र हृदयाघातको जोखिम घटाउनका लागि तपाईँले एन्टिकोआगुलेन्ट (anticoagulant) नामक ब्लड थिनरको सेवन गर्नु पर्ने हुन्छ।
- औषधीले काम नगरेको खण्डमा कार्डियोभर्सन (cardioversion) गर्नु पर्नेछ। यो न्यून ऊर्जा इलेक्ट्रिकल शक हुन्छ जो मुटुको असामान्य गतिलाई सामान्य गतिमा परिवर्तित गर्नका लागि मुटुमाथि छाला मार्फत दिइन्छ। यो प्रक्रियाअघि बेहोशीको औषधी दिइन्छ।

- An ablation, which is a procedure that destroys cells in the left atrium of the heart that are causing the irregular rhythm. Catheters are inserted through a blood vessel leading to the heart. The problem area is found and is scarred or ablated with energy sent through the catheter. You are asleep during when this is done.

- अंशोच्छेदन (ablation) एक यस्तो प्रक्रिया हुन्छ जसमा अनियमित गति उत्पन्न गर्ने मुटुको देब्रेपट्टिको एट्रियममा कोशिकाहरूलाई मारिन्छ। समस्याग्रस्त क्षेत्र पत्तो लगाइन्छ र क्याथेटर मार्फत् पठाइने ऊर्जाले त्यो क्षेत्रलाई कोतरिन्छ वा त्यो हिस्सालाई काटेर अलग गरिन्छ। यो प्रक्रियाको दौरान तपाईँ निद्रामा हुनुहुनेछ।

People with atrial fib are at a higher risk for stroke or serious heart problems if atrial fib is not controlled. It is very important to be under a doctor's care.

एट्रियल फिबलाई नियन्त्रित गरिएन भने एट्रियल फिब हुने मानिसहरू हृदयाघात वा मुटुको गम्भीर समस्याहरूको उच्चतम जोखिममा हुन्छन्। यसका लागि डक्टरको निगरानीमा रहनु अति महत्वपूर्ण हुन्छ।

**Talk to your doctor or nurse if you have any questions or concerns.**

**तपाईँका कुनै प्रश्न वा चिन्ता छन् भने आफ्ना डक्टर वा नर्ससित कुरा गर्नुहोस्।**

© 2007 - September 27, 2016, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.